धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, प्रदेश नं. १, नेपाल
नगर कार्यपालिका वैठक, वैठक संख्या १३/०७९/०८०

आज मिति २०७९ साल फाल्गुन १५ गते, सोमबार बिहान ९.०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसियो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री उद्धव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३ | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

मिति २०७९/११/१५ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३० जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो कार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस अघि मिति २०७९ माघ १४ गते कार्यपालिकाको वैठक वसेको र उक्त वैठकबाट ७ वटा निर्णयहरु भएका थिए । उक्त निर्णयहरुमध्ये केहि निर्णयहरु कार्यान्वयन भइसकेका र केहि निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको व्यहोरा वैठकलाई जानकारी भयो।

३. **तिन पाङ्ग्रे (ई रिक्सा) कार्यविधि २०७९ सम्बन्धमा :–**

धरान नगर क्षेत्रमा सञ्चालन हुने विद्युतीय इ- रिक्साको व्यवस्थापनका लागि प्रदेश नं. १ प्रदेश सरकारबाट प्राप्त नमुना कार्यविधिको आधारमा सम्बन्धित महाशाखाबाट तयार भएको मस्यौदामा प्रमुख, उपप्रमुख तथा महाशाखाहरुको समेत सुझावलाई समेत समावेश गरी तयार भएको इ-रिक्सा संचालन कार्यविधि २०७९ स्वीकृतका लागि वैठक समक्ष पेश भएकोमा सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

४. **वस्ति विकास, शहरी योजना तथा भवन सम्बन्धी आधारभुत मापदण्ड २०७२ को पुर्ण पालना गर्ने सम्बन्धमा । :–**

नेपाल सरकारबाट जारी भएको वस्ति विकास, शहरी योजना तथा भवन सम्बन्धी आधारभुत मापदण्ड २०७२ हाल सम्म पुर्णरुपमा पालना नभएकाले पूर्णरुपले पालना गर्ने सम्बन्धमा थप अध्ययन गरी आगामी बैठकवाट निर्णय गर्ने निर्णय गरियो । सोहि सन्दर्भमा मिति २०७८।०१।०१ भन्दा अगाडी इजाजत लिई हालसम्म निर्माण सम्पन्न प्रमाणपत्र लिन बाँकी भवनहरुलाई ६ महिनाको समयावधी तोकि निर्माण सम्पन्न प्रमाण पत्र लिन सूचना प्रकाशन गर्ने तथा ईजाजत नलिइ बनेका घरहरुलाई ६ महिनाको समयावधी तोकी सुचिकृत गर्ने व्यवस्था मिलाउने । सुचिकृत गर्न आउँदा जरिवाना छुट गरी सुचिकृत दस्तुर प्रति वर्ग फिट १९ लिई कायम गर्ने ।

५. **धरान एक्सपो-२०७९ मा बालवालिकाहरुका लागि राखिएको खेल सामाग्री सम्बन्धमा ।**

यहि मिति २०७९ फाल्गुन ११ गते देखि २० गते सम्म धरान-१६ स्थीत धरान रंगशालामा सुनसरी उद्योग वाणिज्य संघबाट आयोजना गरिएको धरान एक्सपो २०७९ मा बालवालिकाहरुलाई लक्षित गरी राखिएको मनोरञ्जात्मक खेल सामाग्रीहरु सञ्चालन गर्ने निर्णय नगर प्रमुखले गर्न सक्ने र सो निर्णय सर्वसम्मत हुने निर्णय गरियो।

६. **झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।**

नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभागको मिति २०७९।१०।१६, च.नं. २३० को प्राप्त पत्रानुसार नेपाल सरकारको पन्ध्रौं योजनाले आधारभूत सेवा पहाच पुऱ्याउने उद्देश्य आधा घण्टाको फेरोमा ल्याउने लक्ष्य लिएको देखिएकोले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आगामी तीन वर्षभित्र आवश्यक सबै झोलुङ्गे झोलुङ्गे पुल निर्माण सम्पन्न गरी आधारभूत पहुचमा सुनिश्चतता गर्न तीनै तहको सरकारको समन्वय तथा सहकार्यमा बजेट व्यवस्थापन र निर्माण कार्य अगाडी बढाउनको लागि धरान उपमहानगरपालिकामा चाहिने झोलुङ्गे पुलहरुको विवरण उपलब्ध गराइदिन माग भए बमोजिम ४, ५ र २० नं. वडाका ७ वटा झोलुङ्गे पुलहरु माग गरी पठाउने निर्णय गरियो। माग गरिएको झोलुङ्गे पुल विवरण पछाडी टाँस गरि प्रमाणित गरिएको छ।

७. **खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।**

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो।

क. खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ को दफा ३, दफा ८ (१) र दफा ५(४) लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो। उक्त निर्णय पछाडि पानामा टाँस गरिएको छ।

ख. कार्यविधिको हालको अनुसूचि-१ (दफा ५ को उपदफा १ सँग सम्बन्धित) निवेदन पत्रको ढाँचामा तपसिल बमोजिमका शर्त सम्बन्धी बुँदाहरु क्र.स. ९ मा थप गर्ने निर्णय गरियो ।

शर्तहरु

- मुहान माथि उपभोक्ता समितिको एकाधिकार नरहने ।
- नगरले चाहेमा मुहानलाई प्रयोग गर्न सक्ने।
- मुहानको सरसफाई तथा वृक्षारोपणमा सहभागिता जनाई योगदान दिने ।

८. **नदीजन्य पदार्थ नगरपालिका आफैले उत्खनन् गरी विभिन्न वडाहरुलाई वितरण गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिका क्षेत्र भित्र रहेको नदीजन्य पदार्थहरु IEE को प्रतिवेदनले सिफारिस गरे अनुसार नगरपालिका उत्खनन् गरी आवश्यकता अनुसार वितरण गर्ने निर्णय गरियो ।

९. **विविध**

क. **अलकत्रा तथा सिलीकन गिट्टि खरिद गरी बाटो मर्मत गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिका क्षेत्र भित्र रहेका सडकहरुको मर्मत सम्भारका लागि अलकत्रा, सिलीकन, गिट्टि लगायत आवश्यक सामाग्रीहरु खरिद गरी बाटो मर्मत गर्ने निर्णय गरियो।

२०७५।११।१८

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि,२०७७ संसोधन सम्बन्धि प्रस्ताव :

| साबिकको व्यवस्था | संसोधन भएको | संसोधन हुनुपर्ने कारण |
|---|---|---|
| दफा ३: उपभोक्ता समिति दर्ता गर्नु पर्ने : स्थानीय स्तरमा सामुदायिक रुपमा समुहको निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी यसै कार्यविधि बमोजिम दर्ता गरी सञ्चालन गर्नु पर्नेछ । यो कार्यविधि लागु हुनुभन्दा पहिल्यै नै गठन भै सञ्चालन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु यो कार्यविधि लागु भएपछि ३५ (पैंतीस) दिन भित्रमा दर्ता तथा नविकरण भईसक्नु पर्नेछ । | स्थानीयस्तरमा सामुदायिक रुपमा समुहको निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी यसै कार्यविधि बमोजिम दर्ता गरी सञ्चालन गर्नु पर्नेछ । यो कार्यविधि लागु हुनुभन्दा पहिल्यै नै गठन भै सञ्चालन भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु यो कार्यविधि बमोजिम दर्ता तथा नविकरण हुनु पर्नेछ । | यो कार्यविधि लागु हुनुभन्दा अगाडी जलश्रोत ऐन, २०४९ र जलस्रोत नियमावली २०५० बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु साविकको दफा ३ को ३५ दिनभित्र दर्ता तथा नविकरण भइसक्नुपर्नेछ भन्ने व्यवस्थाका कारण हाल उक्त समितिहरु दर्ता तथा नविकरण गर्न नसकिएकोले संसोधन गर्न आवश्यक देखिएको । |
| दफा ८ (१) यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नुपर्ने : यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भएकाले सुचिकृत हुने र दर्ता नभएकाले दर्ता हुने वा दर्ता नभई सञ्चालन भईरहेका समितिले पनि कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम दर्तागराउनु पर्नेछ । सूचिकृत/दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भएकाले सुचिकृत हुने र दर्ता नभएकाले दर्ता हुने वा दर्ता नभई सञ्चालन भईरहेका समितिले यो कार्यविधि बमोजिम दर्तागराउनु पर्नेछ । सूचिकृत/दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | दफा ८ (१) मा उल्लेखित कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र दर्ता नभई सञ्चालन भइरहेका समितिले कार्यविधि बमोजिम दर्ता गराउनुपर्नेछ भन्ने व्यवस्थाले नयाँ समिति दर्ता गर्ने प्रकृया अगाडी बढाउन नसकिएको। |
| दफा ५ (४) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,०००।- (एक हजार), नविकरण दस्तुर वार्षिक रु ५००।- ( पाँच सय) तिर्नु पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।- (दुई सय रुपैयाँ) थप लाग्नेछ। | दर्ता सुचिकृत भएका प्रचलित / कानुनबमोजिम यो कार्यविधि लागु हुनुभन्दा अगाडी दर्ता भएका खानेपानी तथा सरसफाई समितिहरु<br>प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,०००।- ( एक हजार), नविकरण दस्तुर वार्षिक रु ५००।- (पाँच सय) तिर्नु | यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी प्रचलित कानुन बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु संघीय संरचना पश्चात लामो समयदेखि नविकरण हुन नसकिरहेको अवस्थामा रहेको र साविक बमोजिम नविकरण गर्दा उपभोक्ता समितिहरुलाई ठूलो आर्थिक भार पर्ने अवस्था देखिएकोले। |

| | | |
|---|---|---|
| | पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।- (दुई सय रुपैयाँ) थप लाग्नेछ। त्यसरी नै यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी प्रचलित कानुन बमोजिम दर्ता भएका समितिहरु नविकरण गर्दा एक पटकका लागि माथि तोकिए बमोजिमको जरिवाना दस्तुर छुट दिने तर नविकरण दस्तुर वार्षिक रु५० .०(पाँच सय) तिर्नुपर्नेछ। | |

| सि.नं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | वडा नं. | प्रस्तावित झो.पु.को नाम | झो.पु. चाहिने स्थानको नाम | | नदि/खोला को नाम | नदि/खोला को चौडाई (मि.) | चाहिने झो.पु.को अनुमानित लम्बाई (मि.) | वर्ष भरिमा तर्न नसकिने समय (महिनामा) | झौ.पु. बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो.पु./सडक पुलको दुरी (घण्टामा) | | झो.पु.बाट पहुँच हुने सेवाको प्रकार (बजार, स्कुल, स्वास्थ्य केन्द्र, अन्य) | प्रस्तावित झो.पु.को स्थानको GPS Coordinate | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दायाँ किराना तर्फ | बाँया किनारा तर्फ | | | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | झो.पु. | सडक पुल | | दाँया किनारा | बाँया किनारा |
| १ | १ नं. | सुनसरी | धरान | ४ | खहरे | नहारे | गैरीगाँउ | सेउती खोला | २५० | २५० | ५ | २०० | २०५ | | १ | धरान बजार | 26.83345317190733, 87.31486091019669 | 26.83772100541728, 87.31153133916202 |
| २ | १ नं. | सुनसरी | धरान | ४ | सेउती | बसन्तटार | बिजयपुर | सेउती खोला | २५० | २५० | ५ | २५० | १००० | | १ | धरान बजार | 26.821775494845234, 87.29708270695909 | 26.822250164446714, 87.29920405988021 |
| | १ नं. | सुनसरी | धरान | ४ | शिखरबास जाने | सर्दु धरान १३ | शिखरबास धरान ४ | सर्दु | १०मि. | १००मि. | ३ महिना | २६० | १००० | १ | ३ | पर्यटन बजार घाँस दाउरा | 26.851118 87.293791 | 26.850746 87.293098 |
| | १ नं. | सुनसरी | धरान | २० | कोकाह | सिरिसे | भालढुङ्गा | कोकाह | ६०मि. | ८०मि. | अषाढ श्रावण भदौ | ५००घर | ५००घर | २ कि.मि. | × | स्कुल, स्वास्थ्य ,वडा कार्यलय | 26.842010 87.23961 | 26.841926 87238530 |
| | १ नं. | सुनसरी | धरान | २० | कोकाह | धारापानी | ज्यामिरे | कोकाह | १००मि. | १२०मि. | अषाढ श्रावण भदौ | ५००घर | ६००घर | ३कि. मि. | × | स्कुल, स्वास्थ्य ,वडा कार्यलय | 26.864642 87.222307 | 26.86440 87.22233 |
| | १ नं. | सुनसरी | धरान | २० | खैरे खोला | जामुने | सानो खैरे | खैरे खोला | ७०मि. | ९०मि. | अषाढ श्रावण भदौ | ५००घर | ६००घर | ३कि. मि. | × | स्कुल, स्वास्थ्य ,वडा कार्यलय | 26.856420 87.232281 | 26.856578 87.231525 |
| | १नं. | सुनसरी | धरान | ५ | देवीगाँउ समाधि स्थल जाने पुल | देवीगाँउ | जहरे आल | मसाने खोला | ५०मि. | १००मि. | अषाढ देखि कार्तिक सम्म | १५०० | १५०० | २ घण्टा | १ घण्टा | समाधि स्थल | 26.813466 87.309757 | 26.813664 87.309618 |